बैठक मिति : २०७७/०६/१३
बैठक संख्या : ९

छलफल तथा निर्णय

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट बहुवर्षीय ठेक्का पूर्वस्वीकृतिका लागि प्राप्त देहायका आयोजनाहरु राष्ट्रिय प्राथमिकता प्राप्त विषयक्षेत्र भएको हुँदा सहमति प्रदान गर्ने।

(१) पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण।

(२) पुरातात्विक सम्पदा तथा गुम्बाहरु ।

(३) राष्ट्रपति कार्यालय भवन प्रवलीकरण।

(४) उपराष्ट्रपति कार्यालय भवन प्रवलीकरण।

(५) सिंहदरबार मुख्य प्रवेशद्वार प्रवलीकरण।

(६) स्वास्थ्य संस्थाहरुको पुनर्निमाण।

(७) गोरखापत्र संस्थान भवनको पुनर्निर्माण।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा निर्माण प्रस्ताव भएको सगरमाथा आन्तरिक विमानस्थललाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त विषयमा आयोगबाट मिति ०७१/०८/१९ मा भएको निर्णयानुसार स्वीकृति प्रदान गरिसकिएको अवस्थालाई मध्यनजर राख्दै स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) प्राप्त भएपश्चात्त राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्ट गरी विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यले निर्णय गरी स्विकृति प्रदान गर्ने ।

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आयोगको राय सुझावका लागि प्राप्त 'महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) र बेइजिङ्ग कार्यमञ्चको घोषणा (BPFA) कार्यान्वयका लागि दोस्रो राष्ट्रिय कार्ययोजना, २०७७' को मस्यौदा सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।